# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१

च.न. :

**विषय: पार्किङ गर्ने कार्यका लागि जग्गा बहालमा दिन सिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०८१।०१।..२४.**

यस धनगढी उप महानगरपालिकाको स्वामित्वमा रहेको वडा न. १ पशुपति टोलमा स्थित पशुपति मन्दिर नजिकको खाली जग्गामा ( सि.न.०२७०७६९।११ को कि.न. १६) सवारी साधन पार्किङ प्रयोजनका लागि मात्र बहालमा दिनका लागि बहाल रकम प्रत्येक १।१ बर्षमा १० प्रतिशतका दरले बृद्धि भएको रकममा नै बृद्धि हुने गरी ५ बर्षका लागि बहालमा लगाउनु पर्ने भएको हुदा ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरूको जानकारीको लागि तपशिल बमोजिमको शर्तको अधिनमा रहने गरी न्युनतम बढाबढ अंक कायम गरी सिलबन्दी दरभाउपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**सूचनाका शर्तहरु**

१। बढाबढका लागि मासिक न्यूनतम ठेक्का अंक रु. २०,०००। (अक्षरूपी बीस हजार मात्र मुल्य अभिवृद्धि कर र अन्य कर बाहेक) कायम गरिएको छ ।

२। सेवा दिए बापतका दरहरू मोटर साईकल पार्किङ रू. १०।०० (प्रति घण्टा), तीन पाग्रे सवारी साधन पार्किङ रू. २०।०० (प्रति घण्टा), जिप कार पार्किङ रू. ३०।०० (प्रति घण्टा) । ठुला सवारी साधन (बस,ट्रक,टिपर) पार्किङ गर्न पाईने छैन ।

३। पार्किङ गर्न आउने सेवाग्राहीलाई ध्यानमा राखि एकमात्र चमेनागृह (Tea/Cofee Cafe) संचालन गर्न पाईनेछ ।

४। ईच्छुक ब्यक्ति,फर्म वा कम्पनीहरूले दरभाउपत्र खरिद वापतको यस कार्यालयको राजश्व शाखाबाट नगद रु. १,०००। (पछि फिर्ता नहुने गरी) जम्मा गरेको भौचर समेत संलग्न गरी बोलपत्र पेश गर्नु पर्नेछ ।

५। टेण्डर डकुमेन्ट १५ औ दिनको ४ बजे भित्र खरिद गरि सक्नु पर्नेछ । दरभाउपत्र १६ औ दिनको १२ बजेभित्र पेश गरिसक्नु पर्नेछ । सोहि दिनको २.०० बजे खोलिने हुदा सो समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६। दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सुदूरपश्चिमम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.न. :

---

७। दरभाउपत्रमा दरको अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको बोलपत्र माथी कुनै कारवाही हुने छैन ।

८। यस शर्तमा लेखेका विषय हरू यसै बमोजिम र छुट भएका विषयहरू बोलपत्रमा उल्लेखित शर्तहरू, यस नगरपालिकाको स्वीकृत सार्वजनिक खरिद नियमावली २०७७, स्थानीय सरकार संचालन ऐन २०७४, नगर सभाले स्वीकृत गरेको आर्थिक ऐन र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुनेछ । साथै कार्यगत शर्तका बिबरणहरू सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

९। दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र दाताले आफुले कबोल अंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न.४१७०१००३०३००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट “क“ वर्गको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

१०। यस कार्यालयको महालेखा परिक्षकको प्रतिबेदनमा बेरूजु उल्लेख भएका फर्म वा कम्पनीहरूले यस सूचना अनुसार बोलपत्र प्रस्ताव पेश गर्नका लागि भ्याट समायोजन गरेको सम्बन्धित अन्तरिक राजश्व कार्यालयको पत्र पेश गरेपछि मात्र योग्य हुनेछन् । यस व्यहोरा अनुसार सम्बन्धि फर्म वा कम्पनीले आफ्नो बेरूजु बिबरण यस कार्यालयको लेखा शाखामा रहेको महालेखा परिक्षकको प्रतिबेदनबाट हेर्न समेत सूचित गरिन्छ ।

११। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१२। यो सूचना धनगढी उ.म.न.पा.को वेभसाइट dhangadhimun.gov.np बाट समेत हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत